- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न:**

(२०८३ असार ०८ गते):

प्रहरी प्रधान कार्यालय मानवश्रोत एवं कर्मचारी प्रशासन शाखाको पत्रादेशले प्राविधिक प्राविधिक प्रहरी वरिष्ठ हवल्दार पदबाट प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा पदोन्नती हुनुभएका प्रहरी कर्मचारीलाई कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यूले दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको छ। असार ०१ गते आयोजित कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यूले पदोन्नती हुनुहुने प्रहरी कर्मचारीहरुलाई बधाई तथा शुभकामना सहित थप जिम्मेवारीलाई उत्कृष्ट तवरले निर्वाह गर्न निर्देशन दिनु भएको छ। कार्यक्रममा सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुका साथै प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम**

(२०८३ असार ०८ गते):

प्रहरी प्रधान कार्यालय मानवश्रोत एवं कर्मचारी प्रशासन शाखाको पत्रादेशले प्राविधिक प्रहरी जवान पदबाट प्राविधिक प्रहरी सहायक हवल्दार पदमा पदोन्नती हुनुभएका प्रहरी कर्मचारीहरुलाई कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यूले दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको छ। २०८३ असार ०८ गते आयोजित कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यूले पदोन्नती हुनुहुने प्रहरी कर्मचारीहरुलाई बधाई तथा शुभकामना सहित थप जिम्मेवारीलाई उत्कृष्ट तवरले निर्वाह गर्न निर्देशन दिनु भएको छ। कार्यक्रममा सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुका साथै प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।




- **महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १७ औं समूहको प्यानल छलफल तथा समापन कार्यक्रम सम्पन्न**

(२०८३ असार ०९ गते):

मिति २०८३ जेठ १९ गते बाट यस केन्द्रमा संचालन भएको १६ कार्यदिन अवधिको महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १७ औं समूहको आज मिति २०८३ असार ०९ गते जिल्ला न्यायाधिश दुर्गा बहादुर भुसालज्यू, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यू, सहायक जिल्ला न्याधिवक्ता लवराज घिमिरेज्यू, सामाजिक विकाश मन्त्रालय,मोरङका शाखा अधिकृत रोसुना कोईरालाज्यू, सामाजिक विकाश मन्त्रालय,मोरङका सहायक महिला विकास अधिकृत सुनिता भट्टराईज्यू, जिल्ला प्रहरी कार्यालय मोरङ महिला बालबालिका तथा जेष्ट नागरीक सेवा केन्द्र शाखाका प्रहरी निरीक्षक प्रमिला कार्कीज्यू, उपस्थितिमा महिला तथा बालबालिका बिरूद्दका मुद्दाहरूमा सरोकारवाला निकायहरूको भुमिका विषयमा प्यानल छलफल कार्यक्रम सम्पन्न भयो। प्यानल छलफल पश्चात् यस केन्द्रका समादेशकज्यूको प्रमुख आतिथ्यतामा उक्त तालिमको समापन कार्यक्रम सम्पन्न भयो। समापन समारोहमा प्रमुख अतिथिज्यूले दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **ट्राफिक नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम पाचौं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न:**

(२०८३ असार १० गते):

मिति २०८३ वैशाख ०८ गतेबाट यस तालिम केन्द्रमा संचालित ४५ कार्यदिन अवधिको ट्राफिक नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम पाचौं समूहको आज मिति २०८३ असार १० गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो। साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा यस केन्द्रका तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।





- **असल अभ्यास तथा अनुभव आदान–प्रदान कार्यक्रम सम्पन्न :**

(२०८३ असार २९ गते):

मिति २०८३/०३/२९ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरमा असल अभ्यास तथा अनुभव आदान–प्रदान कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा मधेश प्रदेश प्रहरी तालिम केन्द्रबाट पाल्नु भएका प्रतिनिधिहरूले तालिम सञ्चालन, व्यवस्थापन, अनुशासन, प्रशासनिक कार्यसम्पादन तथा उत्कृष्ट अभ्याससम्बन्धी आफ्ना अनुभवहरू प्रस्तुत गर्नका साथै दुवै प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारीहरूबीच आपसी छलफल, सुझाव तथा अनुभव आदान–प्रदान गरिएको थियो। कार्यक्रमका क्रममा यस्ता असल अभ्यास तथा अनुभव आदान–प्रदान कार्यक्रमले तालिमको गुणस्तर अभिवृद्धि, संस्थागत क्षमता विकास तथा अन्तर–प्रदेश समन्वयलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै भविष्यमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिने विषयमा सकारात्मक प्रतिबद्धता व्यक्त गरिएको थियो।



**शुभ जन्मोत्सव शुभकामना आदान प्रदान, Tea With Team साथै साँस्कृतिक कार्यक्रम सम्पन्न**

(२०८३ असार २९ गते):

कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेज्यूको प्रमुख आतिथ्यमा असार महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारी, आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम साथै यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत आज मिति २०८३।०३।३२ गते विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठज्यू, प्रहरी उपरीक्षकज्यू, प्रहरी निरीक्षक, जुनियर प्रहरी अधिकृत ,प्रशिक्षक वर्ग, प्र.का.स. तथा प्रशिक्षणरत प्रहरी जवान आधारभुत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।